आ.व. २०८२/०८३ को बाह्रौं गाउँकार्यपालिकाको बैठकका प्रस्ताव तथा निर्णयहरु

**आ.व. २०८२/०८३ को बाह्रौं गाउँकार्यपालिका बैठकका प्रस्तावहरु :**

१. स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणालीका लागि विवरण प्रमाणित सम्वन्धमा।

२. स्थानीय राजस्व परामर्श समितिको वार्षिक प्रतिवेदन उपर छलफल र पारित सम्वन्धमा।

३. विभिन्न विषयगत समितिको वार्षिक प्रतिवेदन उपर छलफल सम्वन्धमा।

४. जिल्ला समन्वय समितिको अनुगमन प्रतिवेदन उपर छलफल सम्वन्धमा।

५. अन्तर पालिका समन्वय तथा साँझेदारी सम्वन्धमा।

दिनेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत

# २०८३ जेठ १६ गते बसेको आ.व. २०८२/०८३ को वाह्रौं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय | सम्वन्धित शाखा |
|---|---|---|---|---|---|
| १. | LGPAS को सूचक प्रमाणिकरण सम्वन्धमा। | स्थानीय तह कार्य सम्पादन मूल्यांकन प्रणाली(LGPAS)सम्वन्धी कार्यविधि २०८२ को अनुसूची १ संग सम्वन्धित केही सूचकहरुको कार्यविधिगत व्यवस्था अनुसार गाउँकार्यपालकावाट प्रमाणित हुन पर्ने देखिएको। | स्थानीय तह कार्य सम्पादन मूल्यांकन प्रणाली(LGPAS)सम्वन्धी कार्यविधि २०८२ को अनुसूची १ संग सम्वन्धित केही सूचकहरुको कार्यविधिगत व्यवस्था अनुसार गाउँकार्यपालकावाट प्रमाणित गरियो। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |
| २. | स्थानीय राजस्व परामर्श समितिको वार्षिक प्रतिवेदन उपर छलफल र पारित सम्वन्धमा। | आ.व. २०८३/०८४ को लागि कपुरकोट गाउँपालिकाले संकलन गर्ने राजस्व तथा शुल्क निर्धारण सम्वन्धी करको दर र दायराको संम्वन्धमा स्थानीय राजस्व परामर्श समितिवाट सिफारिस भई प्रतिवेदन प्राप्त भएकोले सो उपर छलफल गरी स्वीकृत गर्नु पर्ने भएको। | आ.व. २०८३/०८४ को लागि कपुरकोट गाउँपालिकाले संकलन गर्ने राजस्व तथा शुल्क निर्धारण सम्वन्धी करको दर र दायराको सम्वन्धमा स्थानीय राजस्व परामर्श समितिवाट सिफारिस भई प्रतिवेदन स्वीकृत गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | राजस्व शाखा |



किशोर पोखेल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | विभिन्न विषयगत समितिको वार्षिक प्रतिवेदन उपर छलफल सम्वन्धमा। | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गठित कार्यपालिकाका विषयगत समितिहरुको वार्षिक प्रतिवेदन र कार्यप्रगती उपर छलफल गर्नु पर्ने। | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम गठित तपसिलका विषयगत समितिहरुको वार्षिक कार्यप्रगति समीक्षा गरी परिणाममूखी तवरले थप प्रभावकारी रुपमा कार्य सम्पादन गर्न सुझाव दिइयो। साथै समितिको वार्षिक प्रतिवेदन आगामी गाउँसभाको बैठकमा पेश गर्ने निर्णय गरियो।<br>क) आर्थिक विकास समिति<br>ख) सामाजिक विकास समिति<br>ग) पूर्वाधार विकास समिति<br>घ) सुशासन समिति<br>ङ) वन वातावरण तथा विपद् व्यवस्थापन समिति। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | राजस्व शाखा |
| ४. | जिल्ला समन्वय समितिको अनुगमन प्रतिवेदन उपर छलफल सम्वन्धमा। | जिल्ला समन्वय समिति, सल्यानवाट यस गाउँपालिकाको योजनाहरुको अनुगमन भएकोमा समितिवाट प्राप्त प्रतिवेदन उपर छलफल गर्नु पर्ने। | जिल्ला समन्वय समिति सल्यानले यस कपुरकोट गाउँपालिका अन्तर्गतका आ.व. २०८२/०८३ मा सञ्चालन भएका योजनाहरुको अनुगमन गरी अनुगमन प्रतिवेदन यस गाउँपालिकालाई उपलब्ध गराएको पाइयो। प्राप्त प्रतिवेदन अनुसारको सुझावहरु स्वीकार गरी आगामी दिनहरुमा सुधार गर्ने प्रतिवद्धता व्यक्त गरियो। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |



दिनेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | अन्तर पालिका समन्वय तथा साँझेदारी सम्वन्धमा। | कपुरकोट गाउँकार्यपालिका, सल्यान र त्रिवेणी गाउँकार्यपालिका रोल्पाबीच अन्तरपालिका समन्वय बैठक सम्पन्न भई भएको निर्णय अनुमोदन सम्वन्धमा। | मिति २०८३/०१/१६ गते कपुरकोट गाउँपालिका, सल्यान र त्रिवेणी गाउँपालिका, रोल्पाबीच सिमा क्षेत्र निगालपानीमा बसेको संयुक्त कार्यपालिकाको बैठकले साझा सरोकारका विषयमा गरेको निर्णयहरुलाई अनुमोदन गर्ने। साथै संझौता अनुसार आगामी आ.व.मा त्रिवेणी गाउँपालिकासंग साँझेदारीमा निर्माण सम्पन्न गर्ने गरी सम्वन्धित योजनाको लागि रु.४ लाख बजेट विनियोजन गर्ने प्रस्ताव सभामा पेश गर्ने निर्णय गरियो। | | |

दिनेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत

(अनुसूची-१)

**मिति २०८३ जेठ १६ गते बसेको आ.व. २०८२/०८३ को वाह्रौं गाउँ कार्यपालिका बैठकको**

**निर्णय नं.१ संग सम्वन्धितः**

| सि.नं. | सूचक नं | सूचक | प्रमाणित गरिएको वेहोरा | कैफियत |
|---|---|---|---|---|
| १ | १.५.१.(ख) | आफ्नो क्षेत्राधिकार वाहिर करारोपण नगरेको | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ अनुसार स्थानीय तहको करारोपण गर्ने क्षेत्राधिकार भन्दा वाहिर करारोपण गर्ने गरी नीति निर्माण नगरेको र त्यस्तो कुनै पनि कर असुली नगरेको। | |
| २ | ३.२.१.(ख) | गाउँपालिकामा खाद्य असुरक्षा नरहेको | यस कपुरकोट गाउँपालिकामा हाल सम्म खाद्य संकटः र खाद्य असुरक्षा सम्वन्धी कुनै पनि घटना नघटेको र खाद्य सुरक्षाको जोखिम समेत नरहेको खाद्यान्न उत्पादन तथा वितरण प्रणाली लगायतका सूचकवाट देखिएको। | |
| ३ | ५.१.१.(ख) | गाउँपालिकामा जग्गा प्लटिङ्ग वा खण्डिकरण सम्वन्धी संभावना नरहेको। | यस कपुरकोट गाउँपालिकाको भु उपयोग नीति अनुसार जग्गा खण्डिकरण गर्न वन्देज गरिएको र वजारीकरणको प्रभाव समेत नभएको देखिएकोले यस गाउँपालिका अन्तर्गत जग्गा प्लाटिङ वा खण्डिकरण सम्वन्धी संभावना नरहेको वेहोरा प्रमाणित गर्न। | |
| ४ | ५.१.६ | फोहोरमैला व्यवस्थापनको लागि स्थान तोकिएको निर्णय र मिति | यस कपुरकोट गाउँपालिकामा फोहोर व्यवस्थापनको लागि कपुरकोट गाँउपालिका वडा नं ३ पाखापानी स्थिति खुला क्षेत्रलाई आव २०७५।०७६ मा डम्पिङ साइडको रुपमा निर्धारण भई सोहि स्थानमा हालसम्म फोहोर संकलन गरिएको वेहोरा प्रमाणित गर्न। | |

दिनेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत